प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३, नेपाल
हेटौंडा, मकवानपुर

# साझेदारीमा चौंरी प्रजनन् तथा श्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावना:** नेपालको उच्च पर्वतीय क्षेत्रको दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने पशुपालन व्यावसाय मध्ये याक तथा चौंरीपालन उच्च कोटीमा पर्दछ । निर्यात योग्य पशुजन्य बस्तु उत्पादन तथा कृषि पर्यटनमा विशेष महत्व राख्ने यो व्यावसाय लोप हुँदै गएकोले चौंरी तथा याकपालन व्यावसायको प्रवर्द्धन, विकास तथा विस्तार गर्न चौंरी प्रजनन् केन्द्र स्थापना गर्न वान्छनिय देखिएकोले प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "साझेदारीमा चौंरी प्रजनन् तथा श्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधीको नाम "साझेदारीमा चौंरी प्रजनन् तथा श्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले ५० प्रतिशत लागत साझेदारीमा चौंरी प्रजनन् तथा श्रोत केन्द्र विकास कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने चौंरीपालक कृषक समूह/ सहकारी/ निजी क्षेत्र सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको कृषक समूह/ सहकारी/ निजी क्षेत्रसँगको साझेदारीमा चौंरी श्रोत विकास कार्यक्रममा पचास प्रतिशत अनुदान (दोलखा जिल्लाको कालिञ्चोक) सम्वन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनु पर्छ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"चौंरी"** भन्नाले हिमाली स्थानीय तथा उन्नत नश्लको गाईसँग याकको क्रस गराएर वा नाकसँग स्थानीय साँढे(किर्को)को क्रस गराएर जन्मेको बाच्छी सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ ।

(झ) **"साझेदार संस्था"** भन्नाले ५० प्रतिशत लागत साझेदारीमा चौंरी प्रजनन् तथा श्रोत केन्द्र विकास कार्यक्रमको लागि छनौट भई कार्यालयसँग द्विपक्षिय सम्झौता गरिएको चौंरीपालक कृषक समूह/ सहकारी/ निजी क्षेत्र सम्झनु पर्छ ।

(ञ) **"श्रोत कार्यालय"** भन्नाले चौरी प्रजनन् तथा श्रोत केन्द्र सम्झनु पर्छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

३. **उद्देश्यः** साझेदारीमा चौंरी प्रजनन् तथा श्रोत केन्द्र विकास कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) चौंरी प्रजनन् तथा स्रोत केन्द्र स्थापना र सञ्चालन गर्ने,
(ख) चौंरीमा आनुवांशिक सुधार गरी दुधको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,
(ग) याक सिमेन (Semen) बैंक स्थापना गरी कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गर्ने,
(घ) चौंरीको संख्या वृद्धि गर्नुका साथै गुणस्तरीय चिज लगायत दुग्धजन्य पदार्थहरुमा आधारित उद्योग सञ्चालन गरी निर्यात बढाउने,
(ङ) चौंरीपालन व्यावसाय तर्फ आकर्षित गरी युवा वर्गलाई रोजगारी सृजना गर्ने,
(च) उच्च पहाडी तथा हिमाली क्षेत्रको कृषि पर्यटन र त्यस क्षेत्रका जनताको आयस्तर वृद्धि गर्न टेवा पुऱ्याउने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको बरिष्ठतम् अधिकृत, निर्देशनालय | सयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा. निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

**नोटः** समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम सञ्चालनः** यो कार्यक्रम दोलखा जिल्लाको कालिन्चोकमा चौंरीपालक कृषक समूह/ सहकारी/ निजी क्षेत्रसँगको पचास प्रतिशत लागत साझेदारीमा सञ्चालन गरिने छ । यस कार्यक्रमलाई थप क्षमता विस्तारका लागि आगामी बर्षमा पनि निरन्तरता दिईने छ ।

७. **प्रस्ताव आह्वानः** यो कार्यक्रममा सहभागी हुन ईच्छुक चौंरीपालक कृषक समूह/ सहकारी/ निजी क्षेत्रबाट प्रस्ताव पेश गर्न निर्देशनालयले ३० दिनको समय अवधी दिई राष्ट्रिय/ स्थानीय दैनिक पत्रिकामा अनुसूचि -१ बमोजिम सूचना प्रकाशन गर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले बढिमा १५ दिनको समय अवधि दिई पुनः प्रस्ताव आह्वान गर्न सक्नेछ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

८. प्रस्ताव दर्ताः साझेदारीमा चौंरी प्रजनन् तथा श्रोत केन्द्र विकास कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक समूह/ सहकारी/ निजी क्षेत्रले दफा ७ बमोजिमको समय अवधि भित्र अनुसूचि -२ बमोजिमको आवेदन साथ अनुसूचि -३ बमोजिम कार्ययोजना तयार गरी निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

९. साझेदार संस्थाको छनौटः साझेदार संस्थाको छनौट प्रक्रिया देहाय वमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले अनुसूचि -४ बमोजिमको मापदण्डका आधारमा कृषक समूह/ सहकारी/ निजी क्षेत्रको छनौट गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ,

(ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ ।

(ग) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१०. प्रस्तावकलाई जानकारीः छनौट भएका कृषक समूह/ सहकारी/ निजी क्षेत्रलाई निर्देशनालयले निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनु पर्नेछ ।

११. सम्झौताः (१) प्रस्ताव स्वीकृत भएका कृषक समूह/ सहकारी/ निजी क्षेत्रले जानकारी प्राप्त गरेको १५ दिनभित्र अनुसूचि -५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. कृषक समूह/ सहकारी/ निजी क्षेत्रको कार्ययोजनाको आधार र चौरी प्रजनन् तथा श्रोत केन्द्र प्रवर्द्धन र विकासका लागि आवश्यक न्युनतम क्रियाकलापहरू समेटिने गरी अनुमानित लागत समेतको विवरण सम्झौतामा उल्लेख गरिने छ र सोही बमोजिम बढिमा पचास प्रतिशत अनुदान रकम उपलब्ध गराईने छ । अनुदान रकम बढिमा ३ किस्तामा कृषि विकास बैंकको खाता मार्फत भुक्तानी गरिने छ ।

१३. अनुदान रकम प्राप्त गर्न साझेदार संस्थाले निर्देशनालयमा सम्झौता बमोजिमको बिल/भर्पाई निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा पेश गर्नु पर्नेछ ।

१४. बिल भर्पाई प्राप्त भए पश्चात निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयले स्थलगत अनुगमन गरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदान रकमको एक प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी साझेदार संस्थाको कृषि विकास बैंक खातामा रकम उपलब्ध गराउने छ ।

१५. साझेदार संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आम्शिक वा पुरै ब्यवस्था गर्न सक्नेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -५
## विविध

१६. **प्रगति प्रतिवेदन:** (१) साझेदारीमा चौरी प्रजनन् तथा श्रोत केन्द्र विकास कार्यक्रमको अनुदान प्राप्त गर्ने साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

१७. **संशोधन र खारेज:** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

१८. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -१

(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव आह्वान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः … … … … … … … … … …**

आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रममा "साझेदारीमा चौरी श्रोत केन्द्र विकास कार्यक्रम" सञ्चालन गर्ने लक्ष रहेकोले सहभागी हुन इच्छुक चौरीपालक कृषक समूह/ सहकारी/ निजी क्षेत्रबाट प्रस्ताव माग गरी यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले तिस दिनभित्र रु. दशको हुलाक टिकट टाँसी कार्यविधिको अनुसूचि -२ बमोजिमको आवेदन-पत्र साथ तपसिल अनुसारका कागजातहरु संलग्न गरी निर्देशनालय वा सम्बन्धित कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सूचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रकृयामा समावेश गरिने छैन ।

**आवेदन-पत्र साथ संलग्न गर्नु पर्नेः**

१. कृषक समूह/ सहकारी/ निजी क्षेत्रको संक्षिप्त कार्ययोजना,
२. अन्य प्रमाणित पत्रहरु(तालिम, शैक्षिक योग्यता आदि),
३. कृषक समूह/ सहकारी/ निजी क्षेत्र दर्ता प्रमाण-पत्र ।

<u>नोटः</u> कार्यक्रम सम्बन्धी विस्तृत विवरण निर्देशनालय वा सम्बन्धित कार्यालयको सूचना पाटी र वेवसाईट http://dlfd.p3.gov.np मा हेर्न सकिने छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -२

(दफा ८ सँग सम्बन्धित)

**आवेदन-पत्र**

मितिः ... ... ... ... ...

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।

मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ कार्यालय,
... ... ... ... ... ... ...

विषयः- अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ निर्देशनालयबाट मिति ... ... ... ... गतेको ... ... ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार "साझेदारीमा चौंरी प्रजनन् तथा श्रोत केन्द्र विकास कार्यक्रम" सञ्चालन हुने भएकोले सहभागी भई अनुदान रकम पाउन रु. दशको हुलाक टिकट टाँसीएको आवेदन-पत्र साथ तपसिल अनुसारको कागजात पेश गरिएको छ । अनुदान र स्वलगानी रकमले शर्त अनुसारका कार्यहरु सम्बन्धित जिल्ला भित्रै रही गरिने ब्यहोरा अनुरोध छ ।

**संलग्न कागजातहरुः**

१. संक्षिप्त कार्ययोजना,
२. अन्य प्रमाणित पत्रहरु(तालिम, शैक्षिक योग्यता आदि),
३. संस्था दर्ता प्रमाण-पत्र ।

**आवेदक**

दस्तखतः
नामथरः
पदः
सम्बन्धित संस्थाको नाम र ठेगानाः

संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

सम्पर्क नं.: ... ... ... ... ... ... ...

## अनुसूचि -३

(दफा ८ सँग सम्बन्धित)

**आवेदन-पत्र साथ साझेदार संस्थाले पेश गर्नुपर्ने कार्ययोजना**

मितिः ... ... ... ... ...

कार्यक्रमको नामः ... ... ... ... ...

साझेदार संस्थाको नामः ... ... ... ... ...

ठेगानाः ... ... ... ... ... सम्पर्क नं.: ... ... ... ... ...

सहकार्य गर्ने अन्य साझेदार संस्थाको नाम र ठेगानाः ... ... ... ... ... ... ... ... ...

साझेदार संस्थासँग हालको मौज्दातः ... ... ...

चौंरी संख्याः ... ... ... याक संख्याः ... ... ...

प्रस्तावित कार्यक्रम सञ्चालन स्थलमा हाल विद्यमान भौतिक पूर्वाधारको अवस्थाः

पक्की सडक(कि.मी.): ... ... ... कच्ची सडक(कि.मी.): ... ... ...

कच्ची भए वर्ष भरिमा सवारी साधन चल्ने महिना संख्याः ... ...

टेलिफोन सुविधा छ/छैनः ... ...

मोवाईलमा नेटवर्क आउछ/आउदैनः ... ...

खानेपानीको सुविधा छ/छैनः ... ...

पानीको स्रोत र पानी उपलब्ध हुने महिना संख्याः ... ... ...

बत्तीको सुविधा छ/छैनः ... ... ... ३ फेज लाईन हो/होईनः ... ...

साझेदार संस्थासँग जग्गा उपलब्धताको अवस्थाः ... ... ... ... ...

निजी जग्गाको क्षेत्रफलः ... ... ... ...

कार्यक्रम सञ्चालनको लागि जग्गा भाडामा लिएको/लिने क्षेत्रफलः ... ... ... ...

साझेदार संस्थाले घाँस लगाएको क्षेत्रफलः ... ... ... ... ...

घाँस खेती गर्न जग्गा भाडामा लिएको क्षेत्रफलः ... ... ... ...

प्रस्तावित अनुमानित लागतः (रकम रु.हजारमा)

| सि.नं. | क्रियाकलापहरु | कार्यालयबाट अनुदान सहयोग बढीमा रु. | प्रति साझेदारबाट स्वलगानी कम्तीमा रु. | जम्मा कार्यक्रम बजेट रु. |
|---|---|---|---|---|
| १ | प्रजनन् केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन/ विश्लेषण/ रिपोर्टिङ्ग | | | |
| २ | याक, नाक, किर्को र चौरी खरिद वितरण | | | |
| ३ | आहारा व्यवस्थापन | | | |
| ४ | याकको विर्य खरिद गरी जर्सी तथा होलस्टेन गाई र स्थानीय गाईमा कृत्रिम गर्भाधान गर्ने | | | |
| ५ | पशु स्वास्थ्य सेवा कार्यक्रम (औषधी उपचार, मिनरल/ भिटामिनको प्रयोग) | | | |

७

दावा दोर्जे लामा
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ६ | पर्यटन प्रवर्द्धनका लागि याक ग्यालरी तथा लेकाली सांस्कृतिक फार्मस्टेको स्थापना | | | |
| ७ | गोवर मल मुत्रको व्यवस्थापन | | | |
| ८ | जोक्पेलाई ढुवानी कार्यमा लगाउने | | | |
| ९ | पर्यटन प्रवर्द्धनका लागि तयार गरिएको याक ग्यालरी तथा लेकाली सांस्कृतिक फार्मस्टेको संचालन | | | |
| १० | होडिङ्ग बोर्ड बनाउने | | | |
| ११ | बृत्तचित्र तयार गर्ने | | | |
| १२ | प्रचार प्रसार तथा अभिलेख तयार गर्ने | | | |
| १३ | चौरी महोत्सव आयोजना गर्ने | | | |
| | जम्मा | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूचि -४
(दफा ९ को खण्ड (क) सँग सम्बन्धित)

**<u>साझेदार संस्थाको मूल्याङ्कन गर्ने आधारहरु</u>**

| क्र. सं. | द. नं. | आवेदकको नाम | ठेगाना | साझेदार संस्थाको कार्य योजना | साझेदार संस्थामा चौरीको संख्या | | | साझेदार संस्थामा याक भएमा | सडक, संचार, सिचाँई, पिउने पानी र बिजुली जस्ता भौतिक पूर्वधारको सुविधा भएमा | जग्गा | | बजारको सम्भाव्यता | चौंरी पालेको अनुभव/तालिम | | घाँस विकास गरेको वा गरिने जग्गाको क्षेत्रफल (हेक्टर) | | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ५० वटा भन्दा बढी | २५ वटादेखि ५० वटासम्म | २५ वटा सम्म | | | १००० रोपनी भन्दा बढि | १००० रोपनी | | अनुभव र तालिम दुवै भएमा | अनुभव वा तालिम कुनै एक भएमा | १५ हेक्टर भन्दा बढि | १५ हेक्टर भन्दा कम | |
| | | | | ३० | २० | १५ | १० | ५ | १५ | ५ | ३ | १० | ५ | ३ | १० | ८ | १०० |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

<u>नोटः</u> मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -५

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

<u>सम्झौता-पत्र</u>

आर्थिक वर्ष ... ... ... ...मा संचालन हुने साझेदारीमा चौंरी प्रजनन् तथा श्रोत केन्द्र विकास कार्यक्रमका लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडा (यसपछि पहिलो पक्ष भनिने) र छनौट भएको चौंरी पालक साझेदार संस्था, ... ... ... ... (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न द्विपक्षीय सम्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं।

<u>तपसिलः</u>

१. प्रथम पक्षले लागत साझेदारीमा आधारित चौंरी प्रजनन् तथा श्रोत केन्द्र विकास कार्यक्रम सञ्चालनका लागि कुल लागत रु. ... ... ... ... ... ... ... मध्येको एक प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी दोश्रो पक्षलाई रु. ... ... ... ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ... ... ... ... ... ... ...) अनुदान/सामाग्री प्रदान गर्नेछ ।

२. प्रथम पक्षले कार्यक्रम सञ्चालनार्थ स्वीकृत कार्यक्रम अनुसार स्वलगानी गरी पचास प्रतिशत कार्य सम्पन्न गरे पश्चात पहिलो किस्ता बापतको पचास प्रतिशत रकम भुक्तानीको लागि वील भर्पाई पेश गर्नु पर्नेछ र सो अनुसार मनासिव ठहरेमा प्रथम पक्षले दोश्रो पक्षलाई पहिलो किस्ता बापतको रकम बैंक खाता मार्फत भुक्तानी दिनेछ र दोश्रो किस्ता वापतको बाँकी पचास प्रतिशत रकम कार्य सम्पन्न पश्चात बैंक खाता मार्फत भुक्तानी दिइनेछ वा कार्य सम्पन्न भए पश्चात आवश्यक कागजातहरु पेश गरी एकमुष्ठ बैंक खाता मार्फत भुक्तानी दिन सक्नेछ ।

३. पहिलो पक्षबाट तोकिएको प्राविधिक विषयवस्तुलाई दोश्रो पक्षले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

४. पहिलो पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेमा निजबाट सो रकम असुल उपरको लागि प्रचलित ऐन/नियम बमोजिम आवश्यक कारवाही हुनेछ ।

५. व्यवसायबाट उत्पादित वस्तुको बजारीकरण दोश्रो पक्ष स्वयंले नै गर्नु पर्नेछ ।

६. पहिलो पक्षले अनुदान प्राप्त गर्ने दोश्रो पक्षको नियमित रुपमा अनुगमन गर्नेछ ।

७. दोश्रो पक्षले मासिक रुपमा प्रगति विवरण प्रथम पक्षलाई दिनु पर्नेछ ।

८. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने जुनसुकै भवितब्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ ।

९. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य ब्यहोरा प्रचलित कानून बमोजिम हुनेछ ।

| <u>प्रथम पक्ष</u> | <u>दोश्रो पक्ष</u> |
|---|---|
| <u>निर्देशनालयको तर्फबाट सही गर्नेको</u> | <u>साझेदार संस्थाको तर्फबाट सही गर्नेको</u> |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| | |
|---|---|
| मितिः | मितिः |
| निर्देशनालयको छापः | संस्थाको छापः |
| **<u>रोहवर</u>** | **<u>रोहवर</u>** |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

इति सम्वत् ... ... ... ... ... साल ... ... ... ... महिना ... ... ... गते रोज ... शुभम् ।

मा. दावा दोर्जे लामा
मन्त्री